# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

प:स: ०८०/८१
च:नः ९६६८

मिति:२०७९।०२।३०

### सुचना

**विषय :मेलमिलापकर्ता सुचिकृत तथा अध्यावधिक गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस रत्ननगर नगरपालिकाद्धारा जारी रत्ननगर नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी)ऐन २०७५ को दफा ५९ र ६० बमोजिम आ.व २०७९/०८० को लागि मेलमिलापकर्ताको सुचि तयार गर्नुपर्ने भएको हुदाँ तपसिल बमोजिम योग्यता पुगेका ईच्छुक व्यक्तिहरुले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस नगरकार्यापालिकाको कानून शाखामा आवश्यक सम्पूर्ण कागजात सहित सूचि दर्ताका लागि आवेदन गर्नहुन सम्वन्धित सबैमा अनुरोध छ ।

**आवश्यक न्युनतम योग्यता:**

क)कम्तीमा प्रविणता प्रमाणपत्र तह(कक्षा १२)उत्तिर्ण गरेको ।

ख)कुनै राजनीतिक दल प्रति सक्रिय राजनितिमा सहभागी नभएको ।

ग)स्थानीय स्तरमा समजसेवीको रुपमा पहिचान बनाएको ।

घ)मेलमिलापकर्ताको ४८ घण्टा तालिम लिई मेलमिलापकर्ताको कार्य गर्दै आएको ।

ङ)२५ वर्ष उमेर पूरा भएको ।

च)माथि जुनसुकै कुरा लेखिएको भएता पनि मेलमिलापकर्ताको तालिम लिई हाल काम गरिरहेकाको हकमा निजलाई निरन्तरता दिन सकिने ।

छ)सुचिकृत/अध्यावधिक शुल्क रु १००। बुझाएको रसिद ।

**संलग्न गर्नुपर्ने कागजात:**

१)नागरिकताको प्रमाणपत्रको छाँयाकपि,

२)माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रको छाँयाकपि ,

३)मेलमिलापकर्ताको तालिम प्राप्त गरेको प्रमाणपत्रको छाँयाकपि ,

४)पासपोर्ट साईजको २ वटा फोटो ,

नोट :गत आ.वमा सूचीकृत भएका मेलमिलापकर्ताहरुले समेत पुन :सूची दर्ता गर्नुपर्ने व्यहोरा अनुरोध छ ।

शिशिर पौडेल
प्रमुख प्रशासकिय अधिकृत